(पृष्ठ १० को बाँकी)

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८३ | ६६ | पाल्पा | अर्गली | ९क | तानसेन न.पा.-१४ | ४८ | २९-५-२-२ | १-२-०-१ | ९८०३१७ | | | | चारै तर्फबाट बिच | श्रेस्ता कायम नदेखिएको |
| ८४ | ६७ | पाल्पा | अर्गली | ९क | | १९९ | २०-७-३-२ | ०-११-१-२ | ९८०३१६ | पुर्णकला गैरे | एकराज | नुरापति | चारै तर्फबाट बिच | |
| ८५ | ६८ | पाल्पा | अर्गली | ९क | | २२३ | ५-२-२-३ | ०-६-१-१ | ९८०३१६ | | | | पुर्व बिच | श्रेस्ता कायम नदेखिएको |
| ८६ | ६८ | पाल्पा | अर्गली | ९क | | २२४ | ४-५-०-३ | ०-८-१-२ | ९८०३१६ | बिष्णु प्रसाद न्यौपाने | छबिलाल | खिमानन्द | पश्चिम बिच | |
| ८७ | ६९ | पाल्पा | अर्गली | ७ख | | २९६ | १४-१३-१-३ | ०-७-३-० | ९८०३१६ | | | | पश्चिम बिच | श्रेस्ता कायम नदेखिएको |
| ८८ | ६९ | पाल्पा | अर्गली | ७ख | | २९५ | १०-९-३-१ | ०-९-१-३ | ९८०३१६ | | | | उतर बिच | श्रेस्ता कायम नदेखिएको |
| ८९ | ७० | पाल्पा | अर्गली | ७ख | | ५५१ | २-३-१-२ | ०-२-०-३ | ९८०३१६ | बिष्णु प्रसाद ज्ञवाली | खुमानन्द | चुरामणी | पुर्व दक्षिण | |
| ९० | ७० | पाल्पा | अर्गली | ७ख | | ५९३ | १-०-०-० | ०-३-०-० | ९८०३१६ | कृष्ण शंकर ज्ञवाली | खुमानन्द | चुरामणी | उतर | |
| ९१ | ७० | पाल्पा | अर्गली | ७ख | | २८५ | ४-११-२-२ | ०-७-०-३ | ९८०३१६ | | | | पश्चिम बिच | श्रेस्ता कायम नदेखिएको |
| ९२ | ७० | पाल्पा | अर्गली | ७ख | | ५९७ | ३-०-०-० | ०-९-१-२ | ९८०३१६ | गोपाल प्रसाद शर्मा ज्ञवाली | खुमानन्द | चुरामणी | उतर तर्फ ०-८-०-० जग्गा छाडी सो देखि दक्षिण | |

## Ichchhakamana Rural Municipality
## Office of The Rural Municipal Executive
Kurintar
Chitwan, Nepal

## NOTICE FOR INVITATION OF BID

**First Date of Publication: 2079-08-28 (14th Dec, 2022)**

Ichchhakamana Rural Municipality, Chitwan invites electronic bids from Nepalese eligible bidders for the Construction of following projects of Ichchhakamana Rural Municipality under National Competitive Bidding procedures.

| S. N. | Name of Project | IFB No: | Estimated Amount in NRs (Without VAT & PS) | Bid security amount in NRs. | Bid Document fee amount in NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Chumling deKhi Siran Gaun Samma Kalopatre.(Asphalt Concrete laying work from Chumling to Sirangaun.) | NCB/IRM/07/079/080 | 8541630.74 | 240000 | 3,000.00 | |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website **http://www.bolpatra.gov.np/egp** or may visit website of Ichchhakaman official website (**http://www.lchchhakamanamun.gov.np**). The Last date of submission of bid is 29th Jan 2023 (2079-09-29) till 12:00 noon time.

Chief Administrative Officer

## चौतारा साँगाचोकगढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**चौतार, सिन्धुपाल्चोक**
बागमती प्रदेश, नेपाल

## करारमा कृषि अधिकृत र पशु चिकित्सक नियुक्ति गर्नेसम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०८/२८ गते

यस चौतारा साँगाचोकगढी नगरपालिका कृषि विकास शाखाको लागि कृषि अधिकृत (छैटौं) संख्या १ र पशु सेवा शाखाको लागि पशु चिकित्सक (छैटौं) संख्या १ पद करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा कृषि अधिकृतको हकमा आर्थिक वर्ष ०७८/७९ मा लोकसेवा आयोगले प्रकाशित गरेको विभिन्न विज्ञापन नं. १७३०४/०७७-७८, १७३०५/०७७-७८, १७३०६/०७७-७८, १७३०७/०७७-७८, १७३०८/०७७-७८ र १७३०९/०७७-७८ मा बैकल्पिक/अस्थायी योग्यता क्रममा भएका कृषि अधिकृत र पशु चिकित्सकको हकमा आर्थिक वर्ष ०७९/८० मा लोकसेवा आयोगले प्रकाशित गरेको विज्ञापन नं. १७३०७/०७८-७९, १७३०८/०७८-७९, १७३०९/०७८-७९, १७३१०/०७८-७९ र १७३११/०७८-७९ मा बैकल्पिक/अस्थायी योग्यताक्रममा भएका पशु चिकित्सक उम्मेदवारहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्नानुसारको कागजातसहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। १६ औं दिनदेखि तोकिएको मितिभित्र निवेदन दिने उम्मेदवारहरूमध्येबाट योग्यता क्रमानुसार करारमा नियुक्ती दिई कामकाजमा लगाइने व्यहोरा जानकारी गराइन्छ।

**तपशिल**

१. निवेदन
२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि
३. प्रवेश पत्रको प्रतिलिपि
४. स्नातक पास गरेको प्रमाण पत्र

**नोट** : बैकल्पिक र अस्थायी योग्यताक्रम दुवैमा भएका उम्मेदवारहरूको दरखास्त पेश हुन आएमा बैकल्पिक उम्मेदवारलाई पहिलो प्राथमिकता दिइनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## प्रदेश लोक सेवा आयोग
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली
**(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)**

### स्थानीय सरकारी सेवा तर्फका सहायक पाँचौँ तहका अप्राविधिक पदहरूको बढुवाद्वारा पदपूर्ति हुने पद सङ्ख्या सम्बन्धी सूचना

**सूचना नं. ११/२०७९-०८०** **मितिः- २०७९।०८।२८**

कर्मचारी समायोजन ऐन २०७५ को दफा १२ को व्यवस्था बमोजिम सुदूरपश्चिम प्रदेश स्थित स्थानीय तहहरूमा रिक्त रहेका पदहरूको पदपूर्तिका लागि विभिन्न स्थानीय तहहरूबाट प्राप्त माग सङ्ख्याको प्रतिशत निर्धारण गरी कायम भएका बढुवाद्वारा पूर्ति हुने पद सङ्ख्याको विवरण आयोगको अभिलेखमा सुरक्षित राखिएको छ। बढुवा तर्फका उक्त पदहरूको पदपूर्ति स्थानीय सरकारी सेवा सम्बन्धी कानून बमोजिम हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

### स्थानीय सरकारी सेवा तर्फका सहायक पाँचौँ तहका अप्राविधिक पदहरूको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. १२/२०७९–०८०** **मितिः- २०७९।०८।२८**

कर्मचारी समायोजन ऐन २०७५ को दफा १२ को व्यवस्था बमोजिम सुदूरपश्चिम प्रदेश स्थित स्थानीय तहहरूमा रिक्त भएका देहायका पदहरूमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्धारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको विद्युतीय दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त दिनुपर्नेछ।

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह | विज्ञापनको किसिम | पद सङ्ख्या | परीक्षा मिति र समय (प्रथम चरण) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १०१/०७९-८० | सहायक, प्रशासन, सा.प्र. | खुला | २६ | २०७९।११।२७ बिहानको ११:०० बजे | दोस्रो चरणको लिखित परीक्षाको मिति प्रथम चरणको परीक्षाको नतिजा प्रकाशन हुँदा तय गरिनेछ। |
| | | लेखा सहायक, प्रशासन, लेखा | | ८ | | |
| | | आ.ले.प., प्रशासन, लेखा | | ५ | | |
| | | **जम्मा** | | **३९** | | |
| २ | १०२/०७९-८० | सहायक, प्रशासन, सा.प्र. | महिला | १० | | |
| ३ | १०३/०७९-८० | सहायक, प्रशासन, सा.प्र. | आ.ज. | ५ | | |
| **कुल जम्मा** | | | | **५४** | | |

**परीक्षाको किसिमः-** लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता।

**दोस्रो चरणको लिखित परीक्षा मितिः-** प्रथम चरणको परीक्षाको नतिजा प्रकाशन हुँदा तय गरिनेछ।

**परीक्षाको माध्यमः-** परीक्षाको माध्यम (भाषा) नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अग्रेजी दुवै हुन सक्नेछ।

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरूमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनुपर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त पेस गर्न सकिनेछ र दरखास्त पेस गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण https://psc.sudurpashchim.gov.np/ बाट हेर्न सकिनेछ।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. ४००।- (चार सय) बुझाउनुपर्नेछ। समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु. २००।-(दुई सय) थप दस्तुर बुझाउनुपर्नेछ।
साथै उम्मेदवारले अनलाइन प्रणालीमा छनोट गरेको सेवा/समूहको क्लस्टरका आधारमा एकभन्दा बढी क्लस्टर प्रत्येकका लागि थप रु.२०० (दुई सय) का दरले परीक्षा दस्तुर बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाइन दरखास्त प्रणालीबाट फर्म Submit गरेपछि My Application मा गएर All Application मा Click गर्ने, त्यस पछि आफूले] Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय वाणिज्य बैंक Select गर्ने र Online Payment jf Offline Payment मध्ये एक Option छनोट गरी भुक्तानी गर्ने।
<u>**Online Payment (Connect IPS)**</u> बाट दरखास्त दस्तुर भुक्तानी गर्नः Online Payment, Select गरी Next मा Click गर्ने, त्यस पछि Connect IPS Login गरी तोकिएको रकम बुझाउनु पर्नेछ।
<u>**बैंक भौचरबाट दरखास्त दस्तुर भुक्तानी गर्नः**</u> Offline Payment Select गरी Next मा Click गर्ने, त्यसपछि Voucher Generate मा Click गर्ने, र भौचर Print गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनुपर्नेछ।

<u>**(नोटः- CONNECT IPS को Direct URL www.connectips.com बाट तथा बैंकको भौचर प्रयोग गरी गरिएको रकम भुक्तानी मान्य हुनेछैन।**</u>

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेस गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको <u>**Master ID**</u> र कारोबार सङ्केत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाउनुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरूः-** विद्युतीय दरखास्त पेस गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी शैक्षिक योग्यता, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नुपर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, हस्ताक्षर JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछ। तोकिएको Format मा कागजात पेस नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकाले तोकिएको Format मै कागजात अपलोड गर्नुपर्नेछ।
प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्दिशका, २०७८ को दफा १२ बमोजिम दरखास्त पेस नभएमा वा लापरवाही तरिकाले पेस गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाई नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ध्यान दिनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७९।०९।१९ गतेसम्म र दोब्बर दस्तुर तिरी २०७९।०९।२६ गतेसम्म।

**उम्मेदवारको उमेरको हदः-** पुरुष उम्मेदवारको हकमा २०७९।०९।१९ सम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको।
बहालवाला स्थायी निजामती सेवाका कर्मचारीको हकमा उमेरको हद लाग्नेछैन।

**अन्तर्वार्ता तथा कम्प्युटर सीप परीक्षण हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

**सेवा, सर्त र सुविधाः-** सेवा, सर्त र सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

**सेवा सम्बन्धी मन्त्रालय/स्थानीय तह -** सेवा, समूह, उपसमूह सञ्चालन गर्ने सम्बन्धित स्थानीय तह।

**आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

१. **सहायक, प्रशासन, सामान्य प्रशासनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
२. **लेखा सहायक/आ.ले.प., प्रशासन, लेखाः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्रमा प्रवीणता प्रमाणपत्र वा अर्थशास्त्र, गणित वा तथ्याङ्क शास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण।

**नोटः** ग्रेडिङ प्रणाली लागू भएपश्चात् कक्षा ११ र १२ का प्रत्येक विषयहरू (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम D+ / Cumulative Grade Point Average (C.G.P.A ) १.६ रहेको शैक्षिक प्रमाणपत्रलाई मान्यता दिइनेछ।

### खुला तथा समावेशी परीक्षाको लागि विशेष सूचना

(१) खुला तथा समावेशी विज्ञापनमा दरखास्त दिने उम्मेदवार निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।
(२) प्रथम चरण र द्वितीय चरण गरी दुई चरणमा परीक्षा हुने पदहरूका लागि प्रथम चरण उत्तीर्ण गरेको उम्मेदवारहरूलाई मात्र द्वितीय चरणमा सहभागि गराइनेछ।
(३) प्रथम चरण (First Phase) को परीक्षामा उत्तीर्ण हुनका लागि प्रथम चरणको पूर्णाङ्कको ४० (चालीस) प्रतिशत अङ्क प्राप्त गर्नुपर्नेछ। प्रथम चरणको परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको शत प्रतिशत अङ्क द्वितीय चरण (Second Phase) को परीक्षाको प्राप्ताङ्कमा जोडी कुल अङ्कको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।
(४) खुला र समावेशीतर्फको लिखित परीक्षा एकै सिटिङ्ग एकै मिति र समयमा हुनेछ। (प्रत्येक सेवा÷समूह र खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन)
(५) खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि छनोट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ट प्रकाशन गरिनेछ।
(६) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूले कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुन अगाडि स्थानीय तहहरूको प्राथमिकता क्रम अनिवार्य रूपले भर्नुपर्नेछ। प्राथमिकता नभर्ने उम्मेदवारहरूलाई अन्तर्वार्तामा सहभागी गराइनेछैन।
(७) समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूले समावेशी समूहको प्राथमिकता क्रम रोज्न पाउनेछैनन्। उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
(८) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनोट भएका उम्मेदवारले एक पटक मात्र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ। साथै कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
(९) सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यता क्रम (Merit Order) र उम्मेदवारले रोजेको स्थानीय तहहरूको प्राथमिकता क्रम (Priority Order) अनुसार नियुक्तिका लागि सिफारिस गरिनेछ।

### समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवाहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनुपर्नेछ। उल्लेखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

क) **आदिवासी/जनजातिका हकमा** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
ख) **मधेसीका हकमा** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।
ग) **दलितका हकमा** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
घ) **अपाङ्गका हकमा** स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्/सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचय पत्र।
ङ) **पिछडिएको क्षेत्रका हकमा** निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिनभन्दा ३ महिना अगाडि सम्मको सिफारिसको आधारमा। स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्डको (१) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तहको बसाइँसराइ गरेको खुल्ने कागजात।

### द्रष्टव्य :

क) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदका लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिने छैन।
ख) समान पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले समान पदमा दरखास्त दिन पाइने छैन।
ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।
घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा सुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नुपर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुनेछैन।
ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र, नागरिकता प्रमाणपत्र, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति, आफूले दरखास्त दिएको सेवा समूह सम्बन्धी परिषद्मा दर्ता हुनुपर्ने पदहरू भएमा सो परिषद्मा दर्ता/नवीकरण भएको प्रमाणपत्रको सक्कल प्रति, स्तर वृद्धि भएको भए स्तर वृद्धि भएको पत्र तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारका लागि पेस गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।
च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।
तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेस गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेस गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइँ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेस्टरको लब्धाङ्क पत्र पेस गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।
छ) विज्ञापन नम्बर एक पटक छनोट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं. छनोट गर्नुपर्नेछ।
ज) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।
झ) दरखास्त दिने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिनेछ।
ञ) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.sudurpashchim.gov.np बाट प्राप्त गर्न सकिनेछ।
ट) कोभिड-१९ सङ्क्रामक रोगबाट सिर्जना हुन सक्ने स्वास्थ्य जोखिमलाई मध्यनजर गरी आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक परीक्षालाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न सङ्क्रमणको विशेष अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड अपनाइनेछ।
ठ) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीका लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

**सम्पर्क : ०९१–५२७६००, Website:- http://psc.sudurpashchim.gov.np, Email:- ppsc.p7@gmail.com**